# सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा सहप्राध्यापक  नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८१

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषदद्वारा
स्वीकृत मिति २०८१।१०।२७
पहिलो संशोधन मिति २०८२।०९।०४

❖ सुदूरपश्चिम विश्वविद्यालय संगठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को नियम १८९ र सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ को नियम १११ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को सिफारिसमा सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगले सुदूरपश्चिम विश्वविद्यालयमा अनुसन्धानात्मक विशिष्टताको आधारमा सहप्राध्यापक पदमा खुला प्रतियोगिताका माध्यमबाट गरिने नियुक्तिको सिफारिस सम्बन्धमा देहायको विनियमहरू बनाएको छ। उक्त विनियमहरुका आधारमा विश्वविद्यालयले उपलब्ध सह-प्राध्यापकको दरबन्दीमा प्राज्ञिक उत्कृष्टताका आधारमा खुला प्रतियोगिताका माध्यमबाट नियुक्त गर्न सक्नेछ ।

## परिच्छेद १

## प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भ

१) यो विनियमको नाम सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिता द्वारा सहप्राध्यापक नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८१ रहेको छ । यसलाई संक्षेपमा अनुसन्धानात्मक विशिष्टताका आधारमा सहप्राध्यापक  नियुक्ति सिफारिस,२०८१ भनिनेछ।

(२) यो विनियम कार्यकारी परिषद्ले पारित गरेको दिन देखिलागु हुनेछ।

१.२.परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ  नलागेमा यस विनयममा

(क) 'ऐन' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय ऐन २०६७ सम्झनुपर्दछ।[1]

❖[1]पहिलो संसोधन २०८२ व्दारा संशोधित

(ख) 'नियमावली' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ सम्झनुपर्दछ।

(ग) 'विश्वविद्यालय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सम्झनु पर्दछ।

(घ) 'कार्यकारी परिषद्' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद् सम्झनु पर्दछ।

(ङ) 'सेवा आयोग भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोग सम्झनु पर्दछ।

(च) 'अध्यक्ष' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको अध्यक्ष सम्झनु पर्दछ।

(छ) 'सदस्य' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको सदस्य सम्झनु पर्दछ।

(ज) 'प्रतियोगिता' भन्नाले यस विनियम बमोजिम लिइने खुला प्रतियोगिता सम्झनु पद्र्छ।

(झ) 'योग्यता' भन्नाले यस विनियम बमोजिमको प्रतियोगितामा भाग लिन चाहिने योग्यता सम्झिनु पर्दछ।

(ञ) 'अङ्क' भन्नाले यस विनियम बमोजिम प्रदान गरिने अङ्क सम्झनु पर्दछ।

(ट) 'निकाय' भन्नाले सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतका विभिन्न निकाय सम्झनु पर्दछ।

१.३. ऐन वा नियम अन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरुले यस प्रक्रियामा प्रयुक्त भएकोमा प्रशंगवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरुको व्याख्या सोही अनुरुप गरिनेछ।

## परिच्छेद २

### ❖ विज्ञापन, प्रारम्भिक छनोट र अन्तर्वार्ता सम्बन्धी प्रक्रिया

२.१.कार्यकारी परिषद्ले स्थायी पदपूर्तिको लागि तोकी पठाएको पदसंख्या र प्रतियोगिताको किसिममा आधारित भई सेवा आयोगले सहप्राध्यापक पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धि कारवाही सुरु गर्नेछ र साधारणतया ३ महिनाभित्रै सिफारिसको कारवाही टुंगो लगाइ सक्नेछ।[२]

२.२ विज्ञापन र आवेदन फाराम

---

❖[22]पहिलो संसोधन २०८२ व्दारा संशोधित

(१) सेवा आयोगबाट यस विनियमका आवश्यकताहरू पूर्ति हुने गरी आवेदन फारामहरू तोकिनेछन। [३]

(२) नियुक्तिको लागि सिफारिस गर्नुपर्ने सहप्राध्यापक पद र त्यसको किसिम तथा संख्या सबै प्रकारको न्यूनतम योग्यता र त्यसको सङ्ख्या समेत खुलाइ सेवा आयोगले सिफारिस गर्ने पदहरुको विज्ञापन राष्ट्रियस्तरको पत्रिकामा र आफ्नो आधिकारिक अनलाइन वेवसाइटमा प्रकाशित गर्नेछ। सो विज्ञापन अन्तर्राष्ट्रिय डिजिटल मिडियामा समेत प्रकाशित गरिनेछ।

(३) यस विनियम अन्तर्गतको आवेदनको लागि दस्तुर सेवा आयोगले तोकेबमोजिम हुनेछ।

(४) विज्ञापन बमोजिम आवेदन दिने म्याद प्रथम पटक पत्रिकामा प्रकाशित मिति देखि कम्तिमा ३५ दिनको हुनेछ।

(५) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले तोकिएको आवेदन फाराम तोकिएको म्यादभीत्र सेवा आयोगले तोकेबमोजिम पेस गरिसक्नु पर्नेछ।

(६) म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पूरा नभएको आवेदन  फाराममा कुनै कारवाही गरिने छैन।

२.३ प्रारम्भिक छनोट गरिने

(१) सहप्राध्यापक पदको लागि प्राप्त आवेदनहरूमा यो विनियमको दफा ४.१ अनुसार अनुसन्धान तथा कृति प्रकाशनको लागि तोकिएको न्यूनतम निरपेक्ष अंक प्राप्त गर्ने उम्मेदवारको सूचीलाई प्रारम्भिक छनोटमा परेका उम्मेदवारको सूचीको रूपमा प्रकाशित गरिने छ। प्रारम्भिक छनोटको चरणमा उम्मेदवारको प्राप्ताङ्क प्रकाशित गरिने छैन।

(२) प्रारम्भिक छनोटमा परेका उम्मेदवारलाई आवेदनमा उल्लेख भएको इमेल ठेगाना, फोन मार्फत सूचना गरिनेछ।

---

3

२.४ अन्तर्वार्ताको व्यवस्था

(१) उम्मेदवारहरूको प्रारम्भिक छनोटको निर्णय भएको घटीमा १५ दिनपछि र बढीमा सामान्यतया १ महिनाभित्र आयोगले तोकेको मितिमा र आयोगले व्यवस्था गरेको विधिबाट उम्मेदवारहरूलाई अन्तर्वार्ताको लागि सूचना उम्मेदवारहरूको इमेल ठेगाना, सार्वजनिक सूचना वा उपयुक्त विधि मार्फत जानकारी गरिनेछ।

❖ (२) अन्तर्वार्ताको लागि प्रत्यक्ष विधि वा आवेदकले अनुरोध गरी आयोगले व्यवस्था गरेमा भर्चुअल विधिको समेत प्रयोग गर्न सकिनेछ।

(३) अन्तर्वार्ताको प्रकृया र मूल्याङ्कन अनुसूची ४ मा तोकिए अनुसार हुनेछ।

२.५. सिफारिसको प्रक्रिया

(१) सहप्राध्यापक पदको लागि उम्मेदवारको सिफारिसको प्रकृया परिच्छेद ४ मा तोकिए बमोजिम हुनेछ।

(२) सेवा आयोगमा दाखिला भइसकेका आवेदन र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन तर आवेदन फाराम सँगै दाखिला भएका अनुसन्धानात्मक र अन्य कृतिहरू नतिजा प्रकाशित भएको ४५ दिन पश्चात सम्बन्धित आवेदकलाई फिर्ता दिन सकिनेछ। कृति फिर्ता दिन थालिएको समयदेखि १ महिनाभित्र आफ्ना कृतिहरू फिर्ता लगिसक्नु पर्नेछ।

२.५. स्तराङ्कन सम्बन्धी व्यवस्था

विश्वविद्यालय र अनुसन्धान संस्थाहरू, शोध लेख र लेखकको स्तराङ्कन यस विनियममा तोकिएको व्यवस्था अनुसार हुनेछ । यस विनियममा तोकिएका स्तराङ्कन पद्धतिका मूल स्रोत, विधि र तथ्याङ्कमा परिवर्तन भएमा वा उपलब्ध नभएमा कृति प्रकाशनको समय र विज्ञापन भएको समयको निकटतम हुने गरी उपलब्ध तथ्याङ्क प्रयोग गर्न सकिनेछ।[४]

---

❖[4] [4]पहिलो संसोधन २०८२ व्दारा संशोधित

## परिच्छेद ३

### ❖ आवेदकको न्यूनतम योग्यता

३.१. अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगिता सहप्राध्यापक पदको लागि मात्र हुनेछ । उक्त खुला प्रतियोगिताको निमित्त न्यूनतम शैक्षिक योग्यतामा "सम्बन्धित बिषयमा स्नातकोत्तर र तोकिएको बिषयमा विद्यावारिधि उपाधि प्राप्त" गरेको हुनु पर्नेछ । तर चिकित्साशास्त्रतर्फका मेडिकल विषयसँग सम्बन्धित पदहरूको लागि "सम्बन्धित विषयमा स्नातकोत्तर र तोकिएको विषयमा विद्यावारिधि वा Doctorate in Medicine DM/ Master of Surgery (M.S) उपाधि प्राप्त" न्यूनतम योग्यता तोकिएको छ।

❖ ३.२. सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि भन्नाले विद्यावारिधि उपाधि जुन विषयमा गरेको हो सो विषयसँग पूर्ण वा आंशिक विषयगत सम्बन्ध भएको कुनै पनि विषयलाई बुझ्नु **पर्दछ। साथै आंशिक पिएचडी गरेको आवेदकको हकमा १२ क्रेडिट कोर्ष लिएको हुनु पर्नेछ ।**

३.३. स्नातकोत्तर उपाधि विद्यावारिधि उपाधिको विषयसँग सम्बन्धित हो वा होइन भन्ने बारे अस्पष्टता भएको खण्डमा वा सम्बन्धित विषय होइन भन्ने ठहर भएको खण्डमा विद्यावारिधि उपाधि प्राप्त गरेपश्चात शिक्षण गरेको वा अनुसन्धान गरेको विषयगत क्षेत्र विद्यावारिधि गरेको विषयसँग सम्बन्धित छ भने त्यसलाई योग्यता पुगेको मानिनेछ।

३.४. विद्यावारिधिको विषय सम्बन्धमा अस्पष्टता भए आयोगले विज्ञापन गरेको विषयसँग सम्बन्धित डीनको सुझाव लिन सक्नेछ।

❖ ३.५ यस विनियम अन्तर्गतका विज्ञापनमा आवेदक बन्नका लागि SCImago journal मा कम्तिमा ४ ओटा अनुसन्धान लेखको प्रथम लेखक (First author) वा सम्पर्क लेखक (Corresponding author) भएको हुनु पर्ने छ।[5]

---

❖[5] [5]पहिलो संसोधन २०८२ व्दारा संशोधित

परिच्छेद ४

सिफारिसको आधार तथा पूर्णाङ्क विभाजन

४.१ अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगिताको सहप्राध्यापक पदमा नियुक्तिको लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन अनुसूची १-४ मा भएको व्यवस्थाको अधीनमा रहने गरी देहायबमोजिम हुनेछ।

| | सहप्राध्यापक | |
|---|---|---|
| सूचक | अङ्क भार | आवश्यक न्यूनतम अंक |
| १. शैक्षिक योग्यता | छैन | छैन |
| २.अनुसन्धान तथा कृति प्रकाशन | १४० (सापेक्षिक अंक) | ११२ (निरपेक्ष अंक) |
| ३.शिक्षण सेवा/अनुसन्धान कार्य अनुभव | २० | छैन |
| ४. शोध निर्देशन | १० | छैन |
| ५. अनुसन्धान परियोजना सम्पन्न गरेको अनुभव | १० | छैन |
| ६.अन्तर्वार्ता | २० | बाह्य विशेषज्ञको अंकभारको ५० प्रतिशत अंक |
| | कुल | २०० |

४.२. पूर्णाङ्क विभाजनका सम्बन्धमा अन्य व्यवस्था

सहप्राध्यापक पदमा नियुक्तिको लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूको देहायका सम्बन्धमा पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ ।

(१) अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा अनुसूची १ बमोजिम ।

(२) शोध निर्देशन तथा अनुसन्धान परियोजना सम्पन्न सम्बन्धमा अनुसूची २ बमोजिम ।

(३) शिक्षण सेवा र अनुसन्धान कार्य अनुभव सम्बन्धमा अनुसूची ३ बमोजिम ।

(४) अन्तर्वार्ता सम्बन्धमा अनुसूची ४ बमोजिम ।

## परिच्छेद ५

### ❖ सिफारिस सम्बन्धी प्रक्रिया

५.१. योग्यता क्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था

(१) सहप्राध्यापक पदको अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुला प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्क २०० मा सहप्राध्यापक पदमा ६५ प्रतिशत (१३०) भन्दा कम अङ्क प्राप्त गरेका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गरिने छैन।

(२) प्रतियोगितामा आवेदन दिने उम्मेदवारहरूको लागि निर्धारित पूर्णाङ्क २०० मा उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता सूची (Merit list) तयार गरिने र तोकिएको दरबन्दीको आधारमा नतिजा प्रकाशित गरिनेछ । सिफारिसमा परेका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क प्रकाशित गरिनेछ।

(३) आफूले प्राप्त गरेको अङ्क सन्तोषजनक नलागेमा वा चित्त नबुझेमा प्रत्येक उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको लागि रु १०००।- को दस्तुर सहित निवेदन दिन सक्नेछ। निवेदन दिएको सामान्यतया सात दिन भित्र सेवा आयोगले यस सम्बन्धी कामको किनारा लगाइ सक्नेछ।

५.२ प्रतियोगितामा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर हुन गएमा अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त गरेको कूल अंकको आधारमा योग्यता सूची निर्धारण गरिनेछ । सो पनि बराबर भएमा शिक्षण/अनुसन्धान अनुभवको बढी अङ्क प्राप्त गरेको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ । [६]

---

❖ [६]पहिलो संसोधन २०८२ व्दारा संसोधन

## परिच्छेद ६

## विविध

६.१. यस विनयम अनुसार विज्ञापन भएको पदमा आवेदन दिनेले आफ्नो योग्यता र अनुभवको सम्बन्धमा पेश गर्ने प्रमाणपत्र र प्रमाणित आधिकारिक पत्रको हकमा सम्बन्धित संस्थाले प्रदान गरेको प्रमाणपत्र, आधिकारिक पत्र वा आधिकारिक ठेगानाबाट र अधिकार प्राप्त ईमेल पत्रलाई समेत आधिकारिक पत्र र प्रमाण मानिनेछ।

६.२. सिफारिस बदर हुने अवस्था

(१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्टा विवरण दिएमा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भंग गरेमा सेवा आयोगले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

(२) प्रतियोगितामा सम्मिलत कुनै उम्मेदवारले नतिजालाई प्रभाव पार्ने गरी झुट्टा विवरण दिई सिफारिस भएको पाइएमा नतिजाको सिफारिस स्वतः रद्द हुनेछ।

(३) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भैइ सकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्तो उम्मेदवारको सिफारिस बदर गर्न सक्ने छ।

६.३. प्रतियोगितामा सहभागी हुन नपाउने देहायका अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने खुला प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन।

(१) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालयको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति।

(३) गैरनेपाली नागरिक।

(४) बहुलाएको वा मानसिक सन्तुलन ठिक नभएको भनी आधिकारिक रूपमा प्रमाणित व्यक्ति।

(५) सहप्राध्यापक पदको प्रतियोगितामा विज्ञापन प्रकाशित भएको मिति सम्म ५० वर्ष नाघेको व्यक्ति।

(६) जाल साजी (Fabrication), तथ्याङ्क तोडमरोड (Falsification) र साहित्यिक चोरी (Plagiarism) जस्ता अनुसन्धान अनाचरण (Research Misconduct) को कसुर गरेको प्रमाणित भएको व्यक्ति।

६.४. विशेष प्राविधिक व्यवस्थापन गर्न पाउने

यस विनियमको कार्यान्वयनको लागि आवेदन फारामको नयाँ ढाँचा बनाउने, राष्ट्रिय र अन्तर्राष्ट्रिय मिडियामा विशेष विज्ञापन र सञ्चार गर्ने, अनलाइन आवेदन प्रणालीको व्यवस्था गर्ने, आवश्यकता अनुसार दूरविधिबाट अन्तर्वार्ता लिने व्यवस्थापन गर्ने लगायतका बिशेष प्राविधिक व्यवस्था गर्ने अधिकार सेवा आयोगलाई हुनेछ।

६.५. व्याख्या र वाधा अड्काउ फुकाउने व्यवस्था

(१) सहप्राध्यापक नियुक्ति सिफारिस विनियममा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा सुदूरपश्चिम विश्वविद्यालय शिक्षक नियुक्तिका आधार एवम् सिफारिस सम्वन्धी विनियम र सेवा आयोगले निर्णय गरेबमोजिम हुनेछ।

(२) यो विनियमको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ।

(३) यस विनियममा भएको कुरा यसै विनियम बमोजिम र नभएको कुरा प्रचलित नियम बमोजिम हुनेछ।

अनुसूची १

अनुसन्धान तथा कृति प्रकाशनको पुर्णाङ्क विभाजन र अन्य व्यवस्था देहायबमोजिम हुनेछ ।

| विवरण | सहप्राध्यापक | |
|---|---|---|
| | प्रति इकाइ अङ्क | अधिकतम अङ्क |
| ❖ १ अनुसन्धान लेख | | |
| (क) समकक्षी विज्ञ समीक्षित अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित | | |
| ❖ वर्ग १ Nature index Journals | २५ | असीमित |
| ❖ वर्ग २ SCImago journal Ranking Q1 | २० | असीमित |
| ❖ वर्ग ३ SCImago journal Ranking Q2 | १६ | असीमित |
| ❖ वर्ग ४ SCImago journal Ranking Q3 | १२ | असीमित |
| ❖ वर्ग ५ SCImago journal Ranking Q4 | १० | असीमित |
| (ख) पेटेन्ट दर्ता | २५ | असीमित |
| (ग) समकक्षी विज्ञ समीक्षित राष्ट्रिय जर्नलमा प्रकाशित | | |
| वर्ग 6 AJOL/INASP/Journal Publishing Practices and Standards (JPPS) star rated | ७ | २८ |
| वर्ग 7 अन्य मान्य राष्ट्रिय जर्नल | ४ | २८ |
| २ अनुसन्धानात्मक पुस्तक | ४ | ८ |
| ३ लेखकको अनुसन्धान परिसूचक (author h -index) | २ | असीमित |
| यथावत कुल | | यथावत कुल |
| अन्तिम प्राप्ताङ्क सापेक्षित | | निरपेक्ष १४० प्राप्ताङ्क भन्दा माथिका प्राप्ताङ्कहरुमध्ये अधिकतम प्राप्ताङ्कलाई १४० बराबर मान्य सापेक्षिकताको सूत्र अनुसार |

7

❖[7] [7]पहिलो संसोधन २०८२ व्दारा संशोधित

द्रष्टव्यः

❖ (१) अनुसन्धान लेखको अंक विभाजन सम्बन्धमा । प्रथम तथा सम्पर्क लेखकलाई १०० प्रतिशत र अन्य लेखकलाई ५० प्रतिशत अंक प्रदान गरिने छ ।सो ५०% अंक Co-author को संख्याले भागगर्दा हुन आउने संख्या प्रति Co-author को अंक हुनेछ ।

(२) The Nature Index Journal को सूची www.natureindex.com मा उपलब्ध भए अनुसार हुनेछ । सूची परिवर्तन भएमा आवेदनको लागि विज्ञापन जारी गरिएको मितिमा उपलब्ध सूची मान्य हुनेछ । आयोगले सो मितिमा उपलब्ध सूचीका अभिलेख राख्नु पर्नेछ ।

(३) आवेदकले SCImago Journal Ranking (SJR) को Quartile (Q1, Q2, Q3, Q4) उल्लेख गर्दा आवेदन दिएको मितिमा www.scimagojr.com मा सम्बन्धित जर्नलको विस्तृत जानकारी भएको वेब पृष्ठमा उपलब्ध भएको अभिलेख बमोजिम उल्लेख गर्नुपर्नेछ । सम्बन्धित जर्नलमा लेख प्रकाशन भएको वर्ष वा SJR तथ्याङ्क उपलब्ध भएको निकटतम् वर्षको र यदि एकै जर्नलको फरक फरक विषय समूह (subject category) मा फरक फरक SJR उपलब्ध भएमा शोधलेखको समाग्री अनुसार निकटतम् विषय समूहको SJR उल्लेख गर्नुपर्नेछ । आयोगले मूल्याङ्कन गर्दा मूल्याङ्कन गर्ने मितिमा SJR तथ्याङ्क बदलिएको रहेछ भने मूल्याङ्कन मितिको तथ्याङ्क अनुसार SJR Quartile सच्याउन सक्ने छ ।

(४) पेटेन्ट दर्ताको अङ्क पाउनको लागि पेटेन्ट दर्ताको अभिलेखको वेव लिङ्क (URL) र अभिलेखको प्रतिलिपि पेस गर्नु पर्नेछ ।पेटेन्ट अभिलेखमा उल्लेखित सबै आविस्कार कर्ताको लागि तोकिए बमोजिमको समान अङ्क दिइने छ ।[४]

---

❖[४] [४]पहिलो संसोधन २०८२ व्दारा संशोधित

(५) AJOL/INAS Journal Publishing Practices and Standards (JPPS) को Star rating को लागि आवेदन दिएको मितिमा www.nepjol.info वा www.journalquality.info मा उपलब्ध भएको अभिलेख अनुसार JPPS रेटिंग उल्लेख गर्नु पर्नेछ । आयोगले मूल्याङ्कन गर्दा मूल्याङ्कन गर्ने मितिमा JPPS रेटिङ तथ्याङ्क बदलिएको रहेछ भने मूल्याङ्कन मितिमा उपलब्ध तथ्याङ्क अनुसार JPPS rating सच्याउन सक्नेछ। [9]

(६) समकक्षी विज्ञ समीक्षित राष्ट्रिय जर्नल भन्नाले Nepali Journals Online (NepJol) डाटाबेसमा समावेश सबै जर्नललाइ बुझ्नु पर्नेछ । विश्वविद्यालय अनुदान आयोगले मान्यता प्राप्त राष्ट्रिय जर्नलको सूची तोकेमा सो सूचीमा रहेका जर्नललाई मात्र विज्ञ समीक्षित राष्ट्रिय जर्नल मानिनेछ।

(७) लेखकको Author h-Index को लागि अवेदक स्वयंले Google Scholar, ResearchGate, Scopus र Web of Science मध्ये जुनसुकै डाटाबेसमा राखिएको लेखक प्रोफाइल अनुसार डाटाबेसमा उपलब्ध h-Index को अङ्क र सोको प्रमाण उपलब्ध गराउनु पर्नेछ।आवेदकको लेखबाहेक नाम मिल्ने अन्य लेखकको लेख बाट h-index बढेको पाइएमा h-index बापत प्राप्त हुने कुनै पनि अंक दिइने छैन ।

(८) निरपेक्ष अङ्क भन्नाले कुनै एक आवेदको कृतिको सङ्ख्या र प्रति एकाइ अङ्क गुणन गरी आएको अङ्क वा त्यस्तो अङ्कहरुको सामान्य योगफल भन्ने बुझ्नु पर्दछ । सापेक्षित अङ्क भन्नाले प्रतियोगितामा सम्मिलित आवेदकहरुको कुल प्राप्तङ्कहरुमध्ये अनुसन्धान तथा कृति प्रकाशनको लागि तोकिएको पूर्णाङ्कभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुका प्राप्ताङ्कहरुमध्ये अधिकतम प्राप्ताङ्कलाई पूर्णाङ्क प्राप्ताङ्क बराबर गराउने सूत्रद्वारा समानुपातिक गरिएको सापेक्षिक अङ्क बुझ्नु पर्दछ।

(९) सापेक्षिक अङ्क निर्धारण गर्नका लागि देहायबमोजिमको प्रक्रिया अपनाइने छ |

(क) सर्वप्रथम आवेदकहरुले अनुसन्धान तथा कृति प्रकाशनको सबै महलमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर आएको निरपेक्ष कुल प्राप्ताङ्कको सूची तयार गर्ने र ११२ अङ्कभन्दा कम प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रतियोगिताबाट हटाउने।

(ख) अनुसन्धान तथा कृति प्रकाशनमा ११२ र सोभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने उम्मेदवारहरूमध्ये सर्वाधिक प्राप्ताङ्क गर्ने उम्मेदवारको निरपेक्ष प्राप्ताङ्क नोट गर्ने र सबै उम्मेदवारहरूको निरपेक्ष प्राप्ताङ्कलाई देहायको सूत्र प्रयोग गरी सापेक्षिक अङ्कमा परिवर्तन गर्ने।

$$\text{सापेक्षिक अङ्क} = २८ \times \frac{\text{निरपेक्ष प्राप्ताङ्क}-११२}{\text{सर्वाधिक निरपेक्ष प्राप्ताङ्क}-११२} + ११२$$

उदाहरणको लागिः

कुनै एक पदका लागि ४ आवेदन परेको र अनुसन्धान तथा कृति प्रकाशनको महलमा उम्मेदवार-१, उम्मेदवार-२, उम्मेदवार-३, र उम्मेदवार-४ ले निरपेक्ष कुल प्राप्ताङ्कहरू क्रमश: ११०, ११२, १३० र २०० प्राप्त गरेको अवस्थामा चार उम्मेदवारको सापेक्षिक प्राप्ताङ्क यस प्रकारको हुनेछ: उमेदवार-१ ले न्यूनतम ग्राह्य अङ्क ११२ भन्दा कम अङ्क प्राप्त गरेकले प्रतियोगिताबाट बाहिरिने छ ।उमेदवार-४ ले सर्वाधिक अङ्क प्राप्त गरेकोले त्यस बापत सापेक्षिक अङ्क १४० प्राप्त गर्नेछ । उम्मेदवार-२, उम्मेदवार-३ र उम्मेदवार-४ को सापेक्षिक अङ्क माथि तोकिएको सूत्रद्वारा यसरी निर्धारण हुनेछ:

$$\text{उम्मेदवार-२ को सापेक्षिक अङ्क} = २८ \times \frac{११२-११२}{२०० - ११२} + ११२ = ११२$$

$$\text{उम्मेदवार- ३ को सापेक्षिक अङ्क} = २८ \times \frac{१३०-११२}{२०० - ११२} + ११२ = ११७.७$$

$$\text{उम्मेदवार-४ को सापेक्षिक अङ्क} = २८ \times \frac{२००-११२}{२०० - ११२} + ११२ = १४०$$

१.२. अनुसन्धान तथा कृति प्रकाशनका सम्बन्धमा थप अन्यव्यवस्था

(१) अनलाइन आवेदनको व्यवस्था भएमा आवेदन फाराममा तोकिए बमोजिमको कृति वा कृतिको प्रमाण र विवरण खुल्ने सूचनाहरू तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ। आयोगको कार्यालयमा आवेदन बुझाउने व्यवस्था भएमा पुस्तकको हकमा एक प्रति पुस्तक र शोधलेख र पेटेन्टको हकमा निम्नलिखित विवरण खुल्ने गरी शोधलेखको प्रथम पृष्ठ वा आवश्यक अन्य पृष्ठहरू वा शोधलेखको सम्पूर्ण पृष्ठहरूको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

खुल्नु पर्ने विवरण:

शोधलेखको Digital Object Identifier (DOI) भए सो समेत गरी जर्नलको नाम, जर्नलको भोल्युम, इस्यु र शोधलेखको पृष्ठ सङ्ख्याहरू, शोधलेखको शीर्षक, लेखकहरूको नाम, लेखकहरू आबद्ध भएको संस्थाको नाम र ठेगाना, सम्पर्क लेखकको नाम र आवद्ध संस्था, शोधलेखको आब्स्ट्राक्ट (Abstract), की-ओड्स (Key Words), जर्नलको आधिकारिक वेबसाइट वा जर्नललाई सूचीकरण (Indexing) गरिएको डाटा बेसमा शोधलेखको विवरण राखिएको वेबपेजको URL लिङ्क ।

(२) मौलिक अनुसन्धान लेख (Original research article) र समीक्षालेख ( review article) लाई मात्र अनुसन्धान लेखको अङ्क दिइनेछ। सम्पादनकार्य,अनुवादकार्य तथा सङ्कलन कार्य मात्र भएका कृतिहरू, सङ्क्षिप्त केस स्टडी (Case Study), पत्र र टिप्पणीको मूल्याङ्कन गरिने छैन ।

द्रष्टव्य: जर्नलको लेख योग्य हुने नहुने कुराको अन्तिम निर्णय सेवा आयोगको हुनेछ ।

(३) वैज्ञानिक सम्मेलनका प्रोसिडिङ मा छापिएका पूर्णलम्बाइका अनुसन्धान लेखहरूमध्ये SCImago Journal Ranking को Proceeding सङ्ग्रहमा परेकालाई सो प्रोसिडिङको SCImago Journal Ranking quartile अनुसार अनुसन्धानलेख सरह अङ्क दिइनेछ । SCImago Journal Ranking नभएका प्रोसिडिङका पूर्ण लम्बाइका शोधलेखलाई अन्य मान्य राष्ट्रिय जर्नल बराबरको अङ्क दिइनेछ । प्रोसिडिङमा प्रकाशित भएका आब्स्ट्राक्ट वा सङ्क्षिप्त लेखको मूल्याङ्कन गरिने छैन ।

(४) बहुलेखकको नाममा प्रकाशित लेखहरूको मूल्याङ्कन गर्दा प्रथम लेखक (First author) भएमा पूर्णाङ्कको १०० प्रतिशत र अन्य सहलेखकको हकमा सम्पर्क लेखक (Corresponding author) भएमा ७० प्रतिशत बराबर हुन आउने अङ्क र अन्य प्रत्येक सहलेखकलाई ५० प्रतिशत बराबर हुन आउने अङ्क प्रदान गरिनेछ ।

(५) विद्यावारिधिको शोध प्रबन्ध पुस्तकको रूपमा प्रकाशित भए पनि उक्त पुस्तकको कुनै अङ्क दिइने छैन ।

(६) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवाआयोगले विश्वविद्यालय अनुदान आयोगले उपलब्ध गराएको विशेषज्ञ वा विश्वविद्यालय प्राज्ञिक परिषद्ले अन्तर्वार्ताका लागि तोकिएका विशेषज्ञहरूमध्ये बाट अनुसन्धान तथा कृति मूल्याङ्कन गराउनेछ ।

(७) विज्ञापन प्रकाशित हुनुभन्दा पहिले नै प्रकाशित अनुसन्धान तथा कृति वा प्रकाशनका लागि स्वीकार गरिएका शोधलेख मात्र मूल्याङ्कनमा समावेश गरिनेछ । प्रकाशनका लागि स्वीकार गरिएको शोधलेख (Accepted for publication) को हकमा प्रकाशकको आधिकारिक स्वीकार पत्र (Acceptance letter) संलग्न गर्नु पर्नेछ ।

(८) आवेदकले आफ्ना कृतिहरूलाई जुनप्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेस गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्कन गरिने छ । आवेदकले माग गरेकोभन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन।

(९) आवेदकले आवेदन फाराम सँगै पेस गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिएबमोजिमको ढाँचामा समेत उल्लेख गरी पेस गर्नु पर्नेछ । आवेदकले पेस गरेको अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची अन्तर्वार्ताको सूचना प्रकाशित गरेपछि सबैको जानकारीका लागि सार्वजनिक गरिनेछ । उक्त सूची हेर्न चाहने इच्छुक उम्मेदवारले आयोगमा अनुरोध गरेमा आयोगले उक्त कृतिहरूको सूची हेर्न पाउने व्यवस्था मिलाउने छ ।

(१०) लेखकको सम्बन्धित विषयकोको सन्दर्भग्रन्थ वा अनुसन्धान योगदानमा आधारित अनुसन्धानात्मक पुस्तकलाई मात्र मूल्याङ्कनमा समावेश गरिनेछ। अनुसन्धान पुस्तकमा वहुलेखक भएको खण्डमा अनुसूची १ को १.२(४) मा भएको व्यवस्था अनुसार हुनेछ ।

(११) पुस्तकमा स्पष्ट रूपमा प्रथम संस्करण मिति र प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ ।प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पुस्तकहरूको मूल्याङ्कन गरिने छैन।

## **अनुसूची** २

शोध निर्देशन तथा अनुसन्धान परियोजना सम्पन्न बापतको अङ्क

२.१ शोधनिर्देशन बापतको सहप्राध्यापक पदको निर्धारित २० पूर्णाङ्क देहायबमोजिम हुनेछ।

| | सह प्राध्यापक | |
|---|---|---|
| | प्रति इकाइ अङ्क | **अधिकतम अङ्क** |
| १ शोध निर्देशक | | |
| विद्यावारिधि शोध निर्देशन | १० | २० |
| २ अनुसन्धान परियोजना सम्पन्न गरे बापत | | |
| क वर्ग<br>विदेशी दातृ संस्थाबाट प्राप्त भई २ वर्ष वा बढीको लागि तोकिएको अनुसन्धान कार्य | १० | २० |
| ख वर्ग<br>विदेशी दातृ सँस्थाबाट प्राप्त भई १ वर्षको अनुसन्धान कार्य | ५ | १० |
| ग वर्ग | ५ | १० |

| | | |
|---|---|---|
| स्वदेशी दातृसंस्थाबाट प्राप्त भई २ वर्ष वा बढीको लागि तोकिएको अनुसन्धान परियोजना | | |
| घ वर्ग<br>स्वदेशी दातृसंस्थाबाट प्राप्त भई १ वर्ष वा कम समय वा समय नतोकिएको अनुसन्धान परियोजना | २.५ | ५ |
| अधिकतम् प्रसाङ्क | | २० |

२.२. शोध निर्देशनको अङ्क प्राप्त गर्नको लागि शोधप्रबन्धको प्रमाण (DOI भए सो र कुनै repository मा सङ्ग्रहित भए सोको लिङ्क वा शोधप्रबन्धको बाहिरी पृष्ठदेखि शोधसारसम्मको पृष्ठहरूको प्रतिलिपि तथा सो शोधप्रबन्धमा आधारित कम्तीमा एउटा शोधलेख यस विनियममा तोकिएका कुनै पनि विज्ञ समीक्षित जर्नलमा प्रकाशित भएको प्रमाण पेस गर्नुपर्नेछ । विज्ञ समीक्षित जर्नलमा शोधलेख प्रकाशित नभएको शोधप्रबन्धको हकमा शोधप्रबन्ध निर्देशन गरेबापत अङ्क दिइने छैन ।

२.३.शोधनिर्देशनको लागि प्रमुख सुपरीवेक्षकले तोकिएबमोजिमको अङ्क र सह-सुपरीवेक्षकले प्रमुख सुपरीवेक्षकलाई तोकिएको अङ्कको आधा बराबर अङ्क पाउनेछन्।

२.४. अनुसन्धान परियोजना भन्नाले दातृसंस्थामा अनुसन्धान प्रस्ताव पेसगरी दातृसंस्थाले प्रस्ताव अनुसारको शोधपरियोजनाको लागि प्रदान गरेको अनुदान बुझ्नुपर्दछ । शैक्षिक उपाधि, अध्ययन वा भ्रमणको लागि प्राप्त वृत्ति वा सहयोगलाई शोध अनुदानको रूपमा गणना गरिने छैन ।

२.५ अनुसन्धान परियोजनाको लागि तोकिएको अङ्कमा प्रमुख अन्वेषकले (PI) तोकिए बमोजिमको अङ्क र सह-अन्वेषकले प्रमुख (Co-PI) अन्वेषकलाई तोकिएको अङ्कको आधा (५०%) अङ्क पाउनेछन्। अन्य सदस्यले ४०% अंक पाउनेछन ।

२.६. अनुसन्धान परियोजना बापतको अङ्कको लागि अनुदान प्राप्त गरेको प्रमाणपत्र वा सो प्रमाणित हुने आधिकारिक पत्र वा अनुसन्धान परियोजना सम्पन्न गरी स्वीकृति गरेको दातृ संस्थाको प्रमाण पत्र पेस गर्न सकिनेछ ।

## अनुसूची ३

## शिक्षण सेवा/अनुसन्धान कार्य अनुभव बापतको अङ्क

३.१. शिक्षण सेवा/अनुसन्धान कार्य अनुभव बापतको सहप्राध्यापक पदको निर्धारित २० पूर्णाङ्क देहाय बमोजिम हुनेछ।

विश्वविद्यालय अनुसन्धान संस्थाको स्तर

| विश्वविद्यालय/अनुसन्धान संस्थाको स्तर | सह- सहप्राध्यापक | |
|---|---|---|
| | प्रति वर्ष अङ्क | अधिकतम अङ्क |
| क-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय १-१००<br>उत्कृष्ट सरकारी अनुसन्धान केन्द्र १-५०<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था १-२५ | ५ | २० |
| ख-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय १०१-५००<br>उत्कृष्ट सरकारी अनुसन्धान केन्द्र ५१-१००<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था २६-५० | ४ | २० |
| ग-श्रेणी<br>उत्कृष्ट विश्वविद्यालय ५०१ देखि माथि छनोटमा परेका सबै<br>उत्कृष्ट सरकारी अनुसन्धान केन्द्र १०० देखि माथि छनोटमा परेका सबै<br>उत्कृष्ट कर्पोरेट अनुसन्धान संस्था ५० देखि माथि छनोटमा परेका | ३ | २० |
| घ-श्रेणी | २ | २० |

| | | |
|---|---|---|
| उत्कृष्ट श्रेणीमा नछानिएका सबै विश्वविद्यालय, राष्ट्रिय अनुसन्धान केन्द्र, कर्पोरेट अनुसन्धान संस्था र गैह्र सरकारी अनुसन्धान संस्था | | |

द्रष्टव्यः

(१) कुनै विश्वविद्यालयको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Academic Ranking of World Universities (ARWU), Times Higher Education World Universities Ranking का आधारमा जुन स्तराङ्कबाट अधिक उत्कृष्ट श्रेणीको देखिन्छ, सोही स्तराङ्कको आधारमा गरिनेछ ।

(२) सरकारी अनुसन्धानकेन्द्रको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Nature Index (Global region, Government Sector) को अभिलेख अनुसार गरिनेछ।

(३) कर्पोरेट अनुसन्धानसंस्थाको श्रेणी निर्धारण गर्दा विज्ञापन गरिएको वर्षको Nature Index (Global region, Corporate Sector) को अभिलेखअनुसार गरिनेछ ।

३.२. कार्यअनुभवको लागि सम्बन्धित संस्थाले प्रदान गरेको नियुक्ति पत्र, कार्य पुरा गरेको प्रमाणपत्र वा सो प्रमाणित हुने आधिकारिक पत्र चाहिनेछ । आवेदकले अनुभवको अवधि, कार्यको विवरण र सोको प्रमाणबारे अनुसूची ५ बमोजिमको स्वघोषणा पेस गर्नुपर्नेछ।

३.३. आवेदकले विद्यावारिधि उपाधि प्राप्त गरेपछिको पूर्णकालीन (स्थायी, अस्थायी वा करार) कर्मचारीको हैसियतमा विश्वविद्यालय तहमा पूरा गरेको शिक्षण र अनुसन्धान अनुभव तथा सरकारी अनुसन्धान केन्द्र वा कर्पोरेट अनुसन्धान संस्थामा एयकत पोस्टडक्टरल (Post-Doctoral) फेलो वा सो सरह को वा सोभन्दा माथिल्लो तहको अनुसन्धान वैज्ञानिकको हैसियतमा गरेको कार्य अनुभव मात्र गणना गरिनेछ ।

अनुसुची ४

अन्तर्वार्ता

४.१ अनुसन्धानात्मक विशिष्टताको आधारमा गरिने खुलाप्रतियोगिता अन्तर्गत सहप्राध्यापक पदको अन्तर्वार्ताको लागि निर्धारित २० अंकको विभाजन अन्तर्वार्तामा देहायबमोजिम हुनेछ।

| पद | बिशेषज्ञको संख्या (न्यूनतम) | | | अन्तर्वार्ता पूर्णाङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| सहप्राध्यापक | बाह्य | आन्तरिक | जम्मा | आयोगका अध्यक्ष/सदस्य | बाह्य बिशेषज्ञहरु | आन्तरिक बिशेषज्ञहरु | जम्मा |
| | १ | २ | ३ | ४ | १० | ६ | २० |

४.२. प्रारम्भिक छनोटमा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ता चरणमा समावेश गरिनेछ।

४.३. विशेषज्ञ सम्बन्धी व्यवस्था :

(१) यस विनियमबमोजिम हुने प्रतियोगिताको लागि आन्तरिक र वाह्य विशेषज्ञहरू विज्ञापन गरिएको विषय र उम्मेदवारको विशिष्टताको विषयको क्षेत्रको विषयगत र अनुसन्धान विशेषज्ञ हुनुपर्नेछ।

(२) आन्तरिक विशेषज्ञ रोस्टरमा रहेका मध्येबाट सेवाआयोगले तोके अनुसार हुनेछ। रोस्टरमा भएका विशेषज्ञहरू उपलब्ध हुन नसकेमा वा सम्बन्धित विषयमा आन्तरिक विशेषज्ञहरू उपलब्ध हुन नसकेमा सेवा आयोगले निर्णय गरी आवश्यकताअनुसार निजका अन्य विषयका शिक्षकलाई विशेषज्ञ तोक्न सक्ने छ। यस सम्बन्धमा निर्णय गर्नु पूर्व सेवाआयोगले आवश्यकता सम्झेमा सम्भावित विशेषज्ञ तथा विषय समितिका अध्यक्षसँग राय लिन सक्नेछ।

(३) सेवाआयोगबाट अन्तर्वार्ताका लागि वाह्य विशेषज्ञ तोक्दा नेपाल बाहिरका विश्वविद्यालयका बहालवाला वा अवकाश प्राप्त सम्बन्धित विषयका विशेषज्ञ प्राध्यापकहरू (Professors) मध्येबाट छनौट गरिनेछ ।

४.४. अन्तर्वार्तामा प्रारम्भ हुनुभन्दा कम्तीमा एकदिन अगाडि आयोगले विशेषज्ञहरूलाई आयोगको कार्यालयमा बोलाइ अन्तर्वार्ताको लागि छानिएका उम्मेदवारहरूको व्यक्तिगत विवरण, शोधलेखहरूको प्रतिलिपि र मूल्यांकनद्वारा प्राप्त भएको प्राप्ताङ्कको सूची अध्ययनको लागि उपलब्ध गराउनु पर्नेछ।

४.५. अन्तर्वार्ता लिने विशेषज्ञहरूले अन्तर्वार्ता दिने उम्मेदवारसँग कुनै प्रकारको स्वार्थ बाझिएको छैन भनेर स्वघोषणा गर्नु पर्नेछ । स्वार्थ बाझिएको अवस्था भन्नाले परिवारका सदस्य वा निजको नातेदार, अनुसन्धानमा सहअन्वेषण, सहकार्य वा सुपरीवेक्षण वा शोधलेख मा सहलेखन गरेको वा कुनै प्रकारको वित्तीय स्वार्थ जोडिएको वा द्वन्द्वको अवस्थालाई बुझ्नुपर्दछ।

४.६. अन्तर्वार्ता दिने उम्मेदवारले अन्तर्वार्ता लिने विशेषज्ञसँग कुनै प्रकारको गम्भीर स्वार्थ बाझिएको अवस्था (जस्तैः कुनै कानूनी मुद्दा वा उजुरीका पक्ष विपक्ष) देखाइ विशेषज्ञ परिवर्तन गर्न चाहेमा स्वार्थ बाझिएको अवस्थाको प्रमाण पेस गरी त्यस्तो अनुरोध गर्न सक्नेछ । उम्मेदवारले यस्तो अनुरोध गरेमा आयोगका अध्यक्षले प्रमाणको प्रबलता र औचित्य हेरी अनुरोध अस्वीकार गर्ने वा अनुरोध स्वीकार गरी विशेषज्ञ परिवर्तन गर्ने निर्णय गर्नु पर्नेछ ।

४.७. अन्तर्वार्ताको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) आयोगले पूर्व सूचनाद्वारा तोकेको समय र स्थानमा आयोगका अध्यक्ष र सदस्यहरू, तोकिएका विशेषज्ञहरू र अन्तर्वार्ता दिने उम्मेदवारहरू उपस्थित हुने । दूरविधिबाट अन्तर्वार्ता हुने भए त्यही बमोजिम उम्मेदवार तयार रहने।

(ख) आयोगका अध्यक्षद्वारा विशेषज्ञहरूको संक्षिप्त परिचय (विशेषज्ञहरूको नाम, पद, संस्था र विज्ञताको विषय) प्रस्तुत गर्ने ।

(ग) अन्तर्वार्ता दिने उम्मेदवारले निम्नलिखित बुँदाहरू समेटिएको र अधिकतम १५ मिनेटको एक मौखिक प्रस्तुति पावर पोइन्टमा प्रस्तुत गर्नेः

- उम्मेदवारको अनुसन्धान उपलब्धि (प्रमुख अनुसन्धान योगदान, साइटेसन तथ्याङ्क र सूचक, आदि)
- सु.प. वि. मा नियुक्तिका लागि प्रेरणा र योगदानको परिकल्पना

(घ) आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरू द्वारा पालैपालो उम्मेदवारसँग प्रश्न सोध्ने र उम्मेदवारले उत्तर दिने। उम्मेदवारले अध्ययन गरेको विषयहरू र विज्ञापन गरिएको विषयबारे उम्मेदवारको विषगत ज्ञान र सान्दर्भिक प्राविधिक सिपको स्तर

(ङ) आयोगका अध्यक्षद्वारा अन्तर्वार्ता सम्पन्न भएको घोषणा र उम्मेदवारलाई बिदाइ

(च) आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरूद्वारा मूल्याङ्कन पूर्व सामान्य सामूहिक परामर्श (Pre scoring consultation)

(छ) आयोगका अध्यक्ष, सदस्य र विशेषज्ञहरूद्वारा उम्मेदवारको स्वतन्त्र मूल्याङ्कन र तोकिए अनुसार अङ्कहरूको जोड ।

४.८. अन्तर्वार्तामा कुनै उम्मेदवारले बाह्यविशेषज्ञबाट प्राप्त गरेको अङ्क ५० प्रतिशत (५ अंक) भन्दा कम भएमा उम्मेदवार सिफारिस गरिने छैन। सेवा आयोगका अध्यक्ष र सदस्यहरूले दिएको अङ्कको औसत र विशेषज्ञहरूले दिएको अङ्कको औसत जोडी प्राप्त हुन आएको अङ्कको जोडी उम्मेदवारको प्राप्ताङ्क हुनेछ।

४.९. अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने :

(क) प्रारम्भिक छनोटमा परेका कुनै उम्मेदवारले मनासिब कारण जनाई अन्तर्वाताको लागि तोकिएको मिति भन्दा अगाडि नै अन्तर्वार्ता लिइ दिन सोको कारण उल्लेख गरी निवेदन दिएमा निवेदनको व्यहोरा मनासिब देखिएमा र सम्भव भएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्ने छ।

(ख) कुनै उम्मेदवारले देहायको अवस्था परी निजको अन्तर्वार्ता सुरु हुनुभन्दा अघि अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित

अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा १५ दिन र अन्य अवस्थाको हकमा ७ दिन भित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिब देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ।

## अनुसूची ५

## स्व-घोषणा

५.१. आवेदकले आवेदनका साथ आफ्नो योग्यता, तालिम, कार्य अनुभव, पुरस्कार, प्रकाशित, प्रकाशनको स्तर, निर्धारण, अनुभव गरेको संस्थाको स्तर निर्धारण, सिफारिस लगायतका विषयमा पेस गर्ने प्रमाणित, कागजात र पत्रहरूको आधिकारिकता सम्बन्धमा देहायबमोजिमको ढाँचामा स्वघोषणा पेस गर्नु पर्नेछ।

सुदुर पश्चिम विश्वविद्यालय सेवाआयोगले विज्ञापन नं– – – – – अनुसार गरेको– – – – – –पदको आवेदक म– – – – – – – – – यो स्व-घोषणा गर्दछु कि मैले मेरो योग्यता, तालिम, कार्य, अनुभव, प्रकाशन, प्रकाशनको स्तर निर्धारण, अनुभव गरेको संस्थाको स्तर निर्धारण र सिफारिस लगायतका विषयमा पेस गरेको देहायबमोजिमका प्रमाणित कागजात पत्र, विवरण र सूचना आधिकारिक र सत्य हुन्। यी झुट्टा ठहरे आयोगको नियमअनुसारको सजाय भोग्न र आयोगले यिनलाई अदालत वा न्यायिक प्रक्रियामा प्रमाणको रूपमा पेस गर्न चाहे मेरो मन्जुरी छ।

पेस गरेको कागजात र विवरणको सूचीः

१.
२.
३.
४.
५.

हस्ताक्षरः

मितिः

द्रष्ट्रब्य

आवेदकले स्व-घोषणामा उल्लेख गरेका र प्रतियोगिताको सिलसिलामा पेस गरेका कागजात र विवरणमा झुट्टा वा झुट्टा प्रभाव पार्ने सूचना पेस गरेको पाइएमा आवेदन र नियुक्ति भइसकेको भए नियुक्ति रद्द गरिनेछ।

आवेदकले झुट्टा विवरण पेश गरेको पाइएमा सो विवरणलाई अदालतमा वा न्यायिक प्रक्रियामा प्रमाणको रूपमा पेश गर्न सकिनेछ।